# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २९२ | काठमाडौं | मंगलबार, ९ फागुन २०७९ | Prabhab National Daily | Tuesday, February 21, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**बालविवाह सामाजिक र कानुनी अपराध हो ।**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं।
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानुनी अपराध हो ।
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानुनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


लघुवित्तका ऋणी आन्दोलित

## 'आन्दोलन गरेर ऋण मिनाहा हुँदैन'

■ हेमन्त जोशी

**काठमाडौं–** लघुवित्त कम्पनीले कर्जा असुलीमा ज्यादती गरेको भन्दै ऋणी आन्दोलित छन् । 'लघुवित्तीय संस्थाविरुद्धको संघर्ष समिति' नै गठन गरेर उनीहरूले दबाब दिइरहेका छन् । चर्को ब्याजदर, महँगो सेवाशुल्क, झन्झटिलो किस्ता भुक्तानी प्रक्रिया, कर्मचारीको दुर्व्यवहारलगायतका कारण देखाएर लघुवित्त कम्पनीविरुद्ध ऋणीहरू संगठित भएका हुन् । लघुवित्त कम्पनीहरू नाफामा मात्रै केन्द्रित हुँदा सदस्यले ऋणको भारी बोक्नुपरेको उनीहरूको भनाइ छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले सोमबार काठमाडौंमा आयोजना गरेको 'संकटमा लघुवित्त : कारण र समाधान' विषयक अन्तरक्रिया कार्यक्रममा देशका विभिन्न ठाउँबाट आएका लघुवित्तका ऋणीले आफ्ना पीडा पोखे । सिराहाकी पुनमकुमारी महतोले लघुवित्तकै कर्मचारीले मिटरब्याजमा पैसा लगाउने गरेको बताइन् । लघुवित्तका कर्मचारीबाट आजित भएपछि साहु महाजनबाट चर्को ब्याजमा ऋण लिएर तिरेको उनको भनाइ छ ।

'सानो व्यवसाय सुरु गर्ने भनेर ऋण लिएँ तर मधेस आन्दोलनका बेला व्यापार व्यवसाय ठप्प भयो । नियमित किस्ता तिर्न सकिनँ । लघुवित्तका कर्मचारी घरमै आएर हरेक दिन आधा रातसम्म दुःख दिन थालेपछि साहुसँग चर्को ब्याजमा ऋण लिएर लघुवित्तको ऋण तिरेँ,' उनले भनिन् । लघुवित्तबाट ऋणको साँवा ब्याज तिर्दा आफ्नो सबै सम्पत्ति सकिएको पनि उनको भनाइ छ ।

त्यस्तै, सिराहा देवीपुरका श्यामकुमारी चौधरीले लघुवित्तकै कारण आफ्नो घरखेत र गरगहना सबै बेचेको बताइन् । 'मैले एक लाख ऋण लिँदा ८५ हजार मात्रै पाएँ । सुरुमै १५ हजार रूपैयाँ सेवाशुल्क भनेर काट्यो । हरेक महिना १० हजारका दरले १३ किस्ता तिरिसक्दा पनि ऋण सकिएन । थप पैसा माग्न थालेपछि मैले खेत बेच्नुपर्‍यो,' उनले भनिन् ।

रौतहटकी दिलकुमारी कार्कीले मिटरब्याजीबाट लिएको ऋण तिर्नका लागि लघुवित्तबाट ऋण लिएको बताइन् । ' मिटरब्याजीले खाली चेक मागेर साढे चार लाख ऋण दियो । तर, उसले खाली चेकमा ११ लाख रूपैयाँ भरेर (**बाँकी पृष्ठ २ मा**)

> मिटरब्याजीको पासोबाट उम्कन लघुवित्तबाट ऋण लिएँ । पछि लघुवित्तका कर्मचारीले पनि मिटरब्याजीजस्तै व्यवहार गर्न थाले ।
>
> ■ **दिलकुमारी कार्की**
> लघुवित्त पीडित, रौतहट

> अहिले देखिएको समस्याको कारण पहिचानका लागि राष्ट्र बैंकले पहल गर्छ । लघुवित्त नै बन्द गर्नुपर्ने वा ऋण नै नतिर्ने माग लिएर आन्दोलन गरेर समस्या समाधान हुँदैन ।
>
> ■ **रेवतीप्रसाद नेपाल**
> कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

# राष्ट्रपतिमा शक्ति राष्ट्रको स्वार्थ

■ जेबी योञ्जन




**काठमाडौं–** राष्ट्रपति निर्वाचन आउन लाग्दा विदेशी शक्ति राष्ट्रहरूको दौडधुप बढेको छ । एकपछि अर्को शक्ति राष्ट्रले आफ्ना दूतलाई नेपालमा धमाधम पठाइरहेको छ ।

यही क्रममा आज चिनियाँ सहायकमन्त्री सिन वाओन नेतृत्वको प्रतिनिधिमण्डल नेपाल आउँदै छ । दुई दिनसम्म रहने टोलीमा रहेका प्रतिनिधिहरूले प्रधानमन्त्री पुष्पकमल दाहालसहित उच्च राजनीतिक नेतृत्वसँग छलफल गर्ने कार्यतालिका छ ।

उनीहरूले भावी राष्ट्रपतिबारे नेताहरूसँग चिनियाँ चासोमा आधारित रहेर छलफल गर्ने बताइन्छ । यसअघि ३ फागुनमा मात्रै भारतीय विदेशसचिव विनयमोहन क्वात्रा राष्ट्रपतिसहित अन्य भारतीय चासोका विषयमा केन्द्रित रहेर राजनीतिक नेतृत्वसँग छलफल गरेर गए । उनीभन्दा ठीक अघि राजनीतिक मामिलासम्बन्धी अमेरिकी उपमन्त्री भिक्टोरिया नुल्यान्डले प्रधानमन्त्रीसहित विभिन्न दलका नेताहरूसँग छलफल गरेकी थिइन् । उनले पनि भावी राष्ट्रपतिबारे चासो लिएकी थिइन् ।

देशको राष्ट्रप्रमुखको हैसियतमा हो- राष्ट्रपति । कार्यकारी भूमिकामा छैन । तर, पनि विदेशी शक्ति राष्ट्रले आफ्ना दूतहरूलाई खटाएर स्वार्थअनुकूलका व्यक्तिलाई राष्ट्रपति बनाउन नेपाली नेताहरूलाई दबाब दिँदै आएका छन् ।

राष्ट्रपतिमा मात्र होइन, प्रधानमन्त्रीमा पनि शक्ति राष्ट्रहरूको विशेष चासो रहने गरेको छ । यतिसम्म कि नेपालमा राष्ट्रपतिका लागि उपयुक्त पात्र भन्दै एक जना भारतीय बुद्धिजीवी एसडी मुनीले त सोमबार नामै किटान गरेर सिफारिस गरिदिए । उनका अनुसार डा. देवेन्द्रराज पाण्डे, प्रा.डा. लोकराज बराल, दमननाथ ढुंगाना र अनुराधा कोइराला राष्ट्रपतिका लागि उपयुक्त पात्र हुन् ।

मुनीले राष्ट्रपति उपयुक्त हुने ठानेका पाण्डे ती व्यक्ति हुन्, जो नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री छँदा पटक-पटक प्रतिनिधिसभा विघटन गर्दा त्यसविरुद्ध उभिएका थिए । २०४६ सालमा भएको राजनीतिक परिवर्तनपछि उनी लोक दल स्थापना गरेर अध्यक्ष भए । उनलाई आलोचकहरू भारतपरस्त नागरिक अगुवासमेत भनेर चिन्छन् ।

बराल राजनीतिशास्त्री हुन् । उनी पनि भारतनिकट मानिन्छन् । यस्तै ढुंगाना भने पाण्डेजस्तै नागरिक अगुवा हुन् । २०४८ सालको निर्वाचनपछि गठित प्रतिनिधिसभामा उनी सभामुख थिए । वरिष्ठ अध्यक्षसमेत रहेका उनी पनि ओलीले गरेको प्रतिनिधिसभा विघटनको विपक्षमा उभिएका थिए । मुनीले राष्ट्रपतिमा उपयुक्त हुने भनेकामध्येकै कोइराला भने बागमती प्रदेशकी पूर्वप्रमुख हुन् । उनी पनि भारतसँग नजिक छिन् ।

सार्वभौम देशको राष्ट्रप्रमुखको रूपमा रहने राष्ट्रपतिबारे मुनीले भारतनिकटस्थ व्यक्तिहरूलाई राष्ट्रपति बनाउँदा उपयुक्त हुने तर्क अघि सारेका हुन् । यी सबै गैरदलीय हुन् ।

भूराजनीतिका जानकारसमेत रहेका राजनीतिशास्त्री दीपक गजुरेल भारत, चीन, अमेरिकासँगै युरोपियन युनियनलगायतको प्रत्यक्ष चासो राष्ट्रपति निर्वाचनमा देखिएको बताउँछन् । यसलाई उनी ठीक ठान्दैनन् । उनका अनुसार यसप्रति पूर्णजिम्मेवार दलहरू नै छन् ।

'अहिलेको राजनीतिक प्रणाली कसले ल्याइदिएको हो ? संविधान कसले बनाइदिएको हो ?,' गजुरेलले प्रभावसँग भने, 'सात दल, राजा र माओवादीबीच १२ बुँदे समझदारी गरेको भारतकै तत्कालीन विदेशमन्त्रीले खुलासा गरे । अनि, विदेशी चासो नेपालको राष्ट्रपतिमा रहँदैन ?'

२००७ सालमा प्रजातन्त्र स्थापना घोषणा भएकै दिन पुनर्गठन भएको मोहनशमशेर जबरा नेतृत्वको सरकारमा भारतीय प्रतिनिधि भद्रकाली मिश्र मन्त्री भएका थिए । त्यसबेला अन्तरिम विधान भारतकै गोविन्दनारायणले बनाइदिएका थिए । राजा त्रिभूवनलाई दिल्ली लगेर शाही घोषणाको मस्यौदा तयार गर्दै नेपाल पठाएर शाही घोषणामार्फत प्रजातन्त्र स्थापना भएको उद्घोष भारतले नै गराएका इतिहासकारहरू बताउँछन् । त्यसयता नेपाली राज्यसत्तामा कुनै न कुनै ढंगले भारतको भूमिका रहने गरेको छ । (**बाँकी पृष्ठ २ मा**)

> सात दल, राजा र माओवादीबीच १२ बुँदे समझदारी गरेको भारतकै तत्कालीन विदेशमन्त्रीले खुलासा गरेका थिए । त्यसकारण नेपालको राष्ट्रपतिमा विदेशी चासो हुनु स्वाभाविक हो ।
>
> ■ **दीपक गजुरेल**
> राजनीतिशास्त्री

## ओलीको अफर माधवलाई

**काठमाडौं (प्रस)–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमालेबाटै विभाजन भएर बनेको दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई राष्ट्रपति बन्न प्रस्ताव गरेका छन् ।

पार्टी एकता गर्ने सर्तमा ओलीले यस्तो प्रस्ताव गरेका हुन् । आइतबार प्रधानन्त्री पुष्पकमल दाहालले कांग्रेस सभापति शेरबहादुर देउवालाई ओलीले नेपाललाई राष्ट्रपतिमा अघि सार्ने सूचना पाएको बताएका थिए । नभन्दै ओलीले सोमबार महाराजगञ्जमा भेटवार्ता गर्दै पार्टी एकता गर्ने सर्तसहित राष्ट्रपतिको उम्मेदवार बनाउने प्रस्ताव अघि सारेका हुन् ।

राष्ट्रपतिमा नेपाल सकारात्मक भएको विवरणहरू सार्वजनिक (**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## बाइक राइडर र ट्याक्सी चालकका लागि श्रम स्वीकृति नदिइने

■ प्रभाव संवाददाता




**काठमाडौं–** वैदेशिक रोजगार विभागले युएई र कतारमा बाइक राइडर र टचाक्सी ड्राइभर पदका लागि माग आए पूर्वस्वीकृति नदिने भएको छ । वैदेशिक रोजगारीका लागि उक्त पदमा त्यहाँ गएका नेपालीहरूले चर्को समस्या झेल्नुपरेको भन्दै विभागले पूर्वश्रम स्वीकृति नदिने भएको हो ।

विभागले सोमबार एक सूचना जारी गर्दै पछिल्लो समय उल्लिखित पदमा युएईको दुबई र कतार पुगेका नेपालीहरू समस्यामा पर्ने क्रम बढेको भन्दै कामदारको माग भई आए पनि पूर्वस्वीकृति नदिने जनाएको छ । पूर्वस्वीकृति नदिने निर्णय हुनुमा यी दुई मुलुकमा श्रम स्वीकृति लिएर बाइक राइडर र टचाक्सी ड्राइभरको कामका लागि पुगेका अधिकांश नेपालीहरू समस्यामा परेको, स्वीकृत मागपत्रअनुसारको न्यूनतम तलबसमेत नपाएको र सहजरूपमा गन्तव्य देशको लाइसेन्स नपाउँदा लामो समयसम्म कामविहीन भएर बस्नुपरेको विभागले उल्लेख गरेको छ ।

'अधिकांश श्रमिकहरू धेरै पटक ट्राफिक कारबाहीमा परी ठूलो रकम जरिवाना बुझाउनुपरेको, सम्बन्धित मुलुकको ट्राफिक नियम, सडक अनुशासनसम्बन्धी ज्ञान र अनुभवको कमीले गर्दा दुर्घटनासमेत हुने गरेकोलगायतका समस्याहरू सहित दिनहुँजसो विभागमा उजुरी तथा गुनासाहरू आइरहेकोले यी मुलुकहरूमा बाइक राइडर र टचाक्सी ड्राइभर पदमा श्रमिक पठाउन सुरक्षित नदेखिएकोले अर्को सूचना जारी नभएसम्म पूर्वस्वीकृति नदिने निर्णय भएको छ,' विभागले भनेको छ । बाइक राइडर र टचाक्सी ड्राइभरको पदमा पूर्वस्वीकृति नदिने निर्णय गरेसँगै विभागले उक्त पदहरूको मागपत्र प्रमाणीकरण नगर्न/नगराउन दुबई र कतारस्थित नेपाली दूतावासलाई समेत आग्रह गरेको छ ।

साहुको अण्डरमा बस्नु नपर्ने र मासिक एक लाखभन्दा बढी कमाइ हुने भन्दै जोखिम मोलेरै युएईको सवारी चालक अनुमतिपत्र पाउने/नपाउने निश्चित नभए पनि नेपालीहरू उक्त मुलुक जाने गरेको व्यवसायीहरू नै बताउँछन् । विभागको यस निर्णयलाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पनि समर्थन जनाएको छ । नेपाली लाइसेन्सकै आधारमा थुप्रै नेपालीहरू बाइक राइडर र टचाक्सी ड्राइभरको रूपमा युएई-कतार जाने र पछि विभिन्न समस्या देखाउँदै फर्किन म्यानपावरलाई दबाब दिने तथा क्षतिपूर्ति दाबी गर्ने समस्या बढ्दै गएको सम्बन्धमा विभागले लिएको निर्णय उचित भएको संघका महासचिव मेघराज भुर्तेलले बताए ।

> बाइक राइडर र ट्याक्सी चालकको कामका लागि पुगेका अधिकांश नेपालीहरु समस्यामा परेको, स्वीकृत मागपत्रअनुसारको न्यूनतम तलबसमेत नपाएको र सहजरूपमा गन्तव्य मुलुकको लाइसेन्स नपाउँदा लामो समयसम्म कामविहीन भएर बस्नुपरेको विभागको भनाइ

## युएईस्थित नेपाली दूतावासको कार्यसम्पादन सार्वजनिक

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले माघ महिनाको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । दूतावासले उक्त महिनामा सम्पादन भएका प्रमुख सेवाहरूको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

नेपालीहरूको श्रम गन्तव्यमध्ये एक युएईमा रहेको दूतावासले महिनैपिच्छे कार्यसम्पादन विवरण सार्वजनिक गर्दै आइरहेको छ । नेपाली कामदारहरूको समस्या समाधान तथा सहजीकरणमा दूतावासले गरेको कार्यसम्पादन तथा प्रगति विवरणमा माघ महिनामा एक हजार ८९१ पासपोर्ट नवीकरणका लागि संकलन भएको उल्लेख गरिएको छ । त्यस्तै एक हजार १८७ वटा पासपोर्ट नवीकरणपश्चात् वितरण गरिएको विवरणमा जनाइएको छ ।

त्यस्तै २४६ जनालाई भिसा प्रदान गरिएको छ भने ८८ जनाको ट्राभल डकुमेन्ट बनाइएको दूतावासले जनाएको छ । त्यसैगरी १५२ जनाको कागजात प्रामाणीकरण गरिएको छ भने १९८ वटा व्यक्तिगत भिसा प्रमाणीकरण भएको उल्लेख छ ।

संस्थागतरूपमा आएको १२५ वटा मागपत्र प्रमाणीकरण भएको छ भने १० ९ वटा समूहगत भिसा प्रमाणीकरण भएको दूतावासले कार्यसम्पादन विवरणमा उल्लेख गरेको छ । माघ महिनामा विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरूको नौ वटा शव व्यवस्थापन गरिएको पनि उल्लेख गरिएको छ । यस्तै विभिन्न माध्यमबाट आएका ३७१ वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गरिएको दूतावासले जनाएको छ । यस महिना दूतावासले कामदारहरूलाई क्षतिपूर्ति र इन्स्योरेन्सबापत कुनै खर्च उपलब्ध गराउनु नपरेको जनाएको छ ।




## आन्दोलन गरेर...

पृष्ठ १ बाट जारी

असुल्न खोज्यो । मिटरब्याजीको पासोबाट उम्कन लघुवित्तबाट ऋण लिएँ । पछि लघुवित्तका कर्मचारीले पनि मिटरब्याजीजस्तै व्यवहार गर्न थाले,' कार्कीले भनिन् ।

अहिले आफू छ-सातवटा लघुवित्त कम्पनीको ऋणी रहेको उनको भनाइ छ । लघुवित्त कम्पनीका कर्मचारी बारम्बार घरमा आएर ऋण असुलीका लागि दबाब दिन थालेपछि आफ्नो छोरीले आत्महत्या गरेको पनि कार्कीले बताइन् ।

सिन्धुपाल्चोक घर भएर भक्तपुरमा हार्डवेयर पसल सञ्चालन गर्दै आएकी सुनमाया तामाङले समूहमा ऋण लिएर अर्कोले नतिर्दा आफू समस्यामा परेको बताइन् । 'अरुले ऋण नतिरेका कारण मेरो बचत पनि पाइनँ । जबरजस्ती ऋण भिराएर असुली गर्न खोज्नु कहाँको न्याय भयो ?,' प्रश्न गर्दै उनले भनिन् ।

लघुवित्त कम्पनीले विभिन्न आश्वासन दिएर जबरजस्ती ऋण दिने गरेको र असुली गर्दा अनेक दुःख दिने गरेको काभ्रेपलाञ्चोकको पनौतीकी प्रिया खत्रीको भनाइ छ । 'म ऋण लिन गएको होइन । उनीहरू आफैं आउँछन् । अनेक लोभ देखाएर जबरजस्ती ऋण भिराए । मलाई एक लाख ऋण दिने भनेकोमा ८५ हजार मात्रै हात पऱ्यो,' उनले भनिन् ।

### के भन्छन् नियामक र सरोकालवाला ?

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक एवं लघुवित्त संस्था सुपरीवेक्षण विभाग प्रमुख रेवतीप्रसाद नेपाल अहिले लघुवित्त कम्पनीमा देखिएको जरा धेरैवटा समस्याबाट गाँजिएको बताउँछन् । 'लघुवित्त क्षेत्रमा अहिले देखिएको समस्या भनेको सुदखोर, साहु महाजन, मिटरब्याजीदेखि सहकारीसम्मले जेलिएको समस्या हो । यो एकैचोटि अहिले मात्रै देखिएको होइन,' उनले भने ।

लघुवित्त कम्पनीले उत्पादनमूलक र व्यावसायिक परियोजनामा लगानी गर्न नसक्दा समस्या भएको उनको भनाइ छ । तर, ऋणीहरू आन्दोलित भएर उनीहरूले लिएको ऋण मिनाहा हुन्छ भनेर सोच्न नहुने कार्यकारी निर्देशक नेपालले बताए । 'अहिले देखिएको समस्याको कारण पहिचानका लागि राष्ट्र बैंकले पहल गर्छ । लघुवित्त नै बन्द गर्नुपर्ने वा ऋण नै नतिर्ने माग लिएर आन्दोलन गरेर समस्या समाधान हुँदैन,' उनले भने । राष्ट्र बैंकले नीतिगतरूपमा समाधान खोज्ने र त्यसका लागि कार्यदल नै गठन गरेर अध्ययनका लागि निर्देशन दिइसकेको पनि उनले बताए ।

लघुवित्त संस्था स्वशासनमा बस्नुपर्ने नेपालको भनाइ छ । ' लघुवित्त कम्पनी धेरै व्यावसायिक लाभ केन्द्रित भए । केही सेयर खेलाडी लघुवित्तमा लाग्दा त्यसले पनि असर गरेको छ । अहिले बजारमा देखिएको तरलता संकटका कारण पनि लघुवित्तमा समस्या भएको हो,' उनले भने ।

लघुवित्तले प्रवाह गर्ने कर्जाबारे ऋणीलाई पर्याप्त जानकारी दिएर वित्तीय साक्षारता बढाउनुपर्ने, लघुवित्तका कर्मचारीले ऋणीसँग गर्ने व्यवहार सुधार्नुपर्ने, एउटै व्यक्तिलाई दर्जनौं संस्थाले सजिलै ऋण दिनेलगायतका कारण समस्या देखिएको पनि कार्यकारी निर्देशक नेपालको भनाइ छ । एकै व्यक्ति धेरैवटा लघुवित्तमा सदस्य बन्न नपाउने र कर्जा लिन नपाउने गरी राष्ट्र बैंकले चाँडै निर्देशिका जारी गर्ने उनको भनाइ छ । लघुवित्त कम्पनीहरूले कर्जा प्रवाह सजिलै गर्ने तर असुलीमा कडाइ गर्ने गर्दा ऋणीलाई त्यसले समस्यामा पारेको पनि नेपालले बताए ।

लघुवित्त संस्थाहरू आफ्नो सिद्धान्त र अवधारणाभन्दा बाहिर काम गर्न थालेपछि समस्या देखिएको त्रिभुवन विश्वविद्यालयको एमबिए प्रोग्राम डाइरेक्टर भरतसिंह थापा बताउँछन् । लघुवित्त संस्था सामाजिक पुँजी निर्माणमा कमजोर हुँदै गएको र नाफामा मात्रै बढी केन्द्रित हुन थालेको उनको भनाइ छ । 'जहाँ सामाजिक पुँजी स्खलन हुन्छ, त्यहाँ लघुवित्तको हाम्रो मोडलले काम गर्दैन । नेपालको लघुवित्त मोडलले आपसी सद्भाव, सदाचारिता, सहकार्यसहितको सामाजिक पुँजी निर्माण हो भन्छ । तर, संस्थाहरू नाफामुखी हुँदै गएर त्यो मोडल नै बिर्सिंदै गए,' थापाले भने । लघुवित्तको अवधारणा पैसा लगानी गर्ने र नाफा आर्जन गर्ने भन्ने मात्र नभई यसले सामाजिक सद्भाव र भाइचारा कायम गर्नका लागि पनि काम गर्ने उनको भनाइ छ । अहिले लघुवित्त क्षेत्रमा समस्या देखिनु भनेको समाजमा भाइचारा र सम्बन्ध बिग्रेको रूपमा बुझ्नुपर्ने उनले बताए ।

त्यस्तै, सुदखोर, महाजन, मिटरब्याजी, सहकारी र लघुवित्त कम्पनीका समस्या सबै एकै ठाउँमा राखेर हेर्न नहुने उनको भनाइ छ । लघुवित्तका कर्मचारीले ऋणीमाथि ज्यादती गरेको पनि उनले बताए । समुदायमा अर्काको हित चिताएर आपसी उन्नयनका लागि काम गर्न लघुवित्त कम्पनी स्थापना गरिएको भए पनि अहिले लघुवित्त कम्पनीहरूले ऋणीलाई पैसा दिने र असुल गर्ने मात्रै जानेको उनको भनाइ छ ।

लघुवित्त संघ नेपालका अध्यक्ष जगत पोखरेलले कुनै लघुवित्त कम्पनीले ऋणीलाई दुःख दिएको भए त्यसका लागि नियामकीय निकाय राष्ट्र बैंकले कारबाही गर्न सक्ने बताए । तर ऋणी आन्दोलित भएर समस्याको समाधान नहुने उनको भनाइ छ । 'कुनै कम्पनीले बदमासी गरेको भए त्यसका लागि कारबाहीको तरिका छ । कानुन आफ्नो हातमा लिएर मात्रै समस्या समाधान हुँदैन,' उनले भने । नेपालमा लघुवित्त कम्पनीले गरेको लगानी मोडलबारे पुनर्विचार गर्नुपर्ने बेला आएको उनको भनाइ छ ।

'धेरै लघुवित्त भएर हो वा धेरै समस्या भएर हो । अहिले केही लघुवित्त कम्पनीका ऋणी आन्दोलनमा हुनुहुन्छ । समूहमा लगानी गर्ने लघुवित्तको मोडलबारे छलफल गर्नुपर्ने देखिएको छ,' उनले भने । *रासस*

## राष्ट्रपतिमा...

पृष्ठ १ बाट जारी

११ फागुन २०७७ मा तत्कालीन प्रधानमन्त्री ओलीले विघटन गरेको प्रतिनिधिसभा पुनःस्थापित भएको केही दिनपछि भारतलाई 'कम्फर्टेबल' हुने सरकार गठन हुनेबारे चर्चा भयो । तत्कालीन नेकपाका एक जना अध्यक्ष तथा हालका प्रधानमन्त्री पुष्पकमल दाहाल र नेता माधवकुमार नेपालबीच यस्तो सल्लाह भएको थियो ।

त्यसको केही दिनमा भारतीय खुफिया निकाय रअका प्रमुख सामन्तकुमार गोयलले ओलीलाई बालुवाटारमै राति भेटवार्ता गरेका थिए । त्यसबेला चिनियाँ राजदूत होउ यान्छीले पनि नेकपाको विभाजन रोक्न अधिक जोड्बल गरेकी थिइन् । एकपटक त उनले नेकपामा देखिएको विवादलाई केही मत्थर पारिदिएकी थिइन् । जसकारण उनी ओली-दाहाल जोड्ने 'सुपरग्लु' भनेर चर्चामा आइन् ।

भूराजनीतिक मामिलाका जानकार गजुरेल भन्छन्, 'दलहरूकै कारण शक्ति राष्ट्रहरूको नेपाल क्रिडास्थल बन्ने देखिन्छ ।' उनका अनुसार नेपालमा चीन, भारतसहितका शक्ति राष्ट्रहरू 'कम्फर्टेबल' प्रधानमन्त्री र राष्ट्रपति बनाउन चाहन्छन् । त्यसकै लागि राष्ट्रपति निर्वाचन घोषणा भएलगत्तै शक्ति राष्ट्रहरूले दूत खटाएका हुन् । तर, राष्ट्रपति को बन्लान् भन्ने टुंगो छैन । १० फागुनमा राष्ट्रपति निर्वाचनअन्तर्गत मतदाताहरूको नामावली प्रकाशन गर्ने कार्यतालिका छ । फागुन १३ मा उम्मेदवारी दर्ता र २५ गते राष्ट्रपति निर्वाचन हुनेछ ।


# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DELICATE RESTAURANT SERVING MEALS

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No. 281445 चलानी नं. ६०१९६९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZAHRAN OPERATION AND MAINENANCE COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/१७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ LT. No. 280323 चलानी नं. ६०१९५८३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 50 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : METRO PLASTIC MANUFACTURER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No. 281478 चलानी नं. ६०१९६९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम ईजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**

Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

# साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MATHAIL INTERNATIONAL GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/०६/०६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ LT. No.272402 चलानी नं. ६०१८८१५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Factor | 1 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HAMMOUD MOHAMMED MAYAH SUBAI AL ANZI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281259 चलानी नं. ६०१९६८८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 5 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281260 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 10 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281306 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 10 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281308 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 10 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281311 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 5 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281309 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 10 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281310 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 10 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281312 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 5 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281313 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 5 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281314 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 5 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281315 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 5 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEZHOUBA ENGINEERING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No.281316 चलानी नं. ६०१९६८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 10 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SARAYA ALJAZIRAH CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No. 281291 चलानी नं. ६०१९६८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickup Truck Driver | 4 | 0 | 1800 | ६३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZAHRA SHIFA TRADING EST

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No. 281408 चलानी नं. ६०१९६८१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Worker | 5 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHALID BIN MOHAMMED BIN SULEMAN AL QARAWI METAL PRODUCTS FACTORY

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No. 281290 चलानी नं. ६०१९६८२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

# युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAISALOON STAR FACILITIES MANAGEMENT LLC

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT No.281321 चलानी नं.६०१९६९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steward | 50 | 0 | 1000 | ३५,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Sarlahi, Lalbandi Municipality, Shrestha Hotelमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Govt. License 1518/074/075

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101

E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

# मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BIOASIA WORLDWIDE SDN BHD

पूर्व स्वीकृति मिति २०७६/१०/१० पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ LT. No.231611 चलानी नं. ६०१५०४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 12 | 0 | 1200 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.**

श्रम ईजाजत नं. ८९८/०६७/०६८

Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488

# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENETEC TECHNOLOGY BERHAD

पूर्व स्वीकृति मिति २०७९/०६/२४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ LT. No. 273011 चलानी नं. ६०१८८९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 19 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.**

Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL DISHES TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No. 281061 चलानी नं. ६०१९६८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1700 | ५९,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sweet Maker | 1 | 0 | 1700 | ५९,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75 National Exports Manpower Consultant Pvt. Ltd

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652

E-mail : nationalexportsmc@gmail.com

# पर्यटन कार्यालय बाँकेका पूर्वकार्यकारी निर्देशकविरुद्ध भ्रष्टाचार मुद्दा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पर्यटन कार्यालय बाँकेका तत्कालीन कार्यकारी निर्देशक दीपकबहादुर बुढाथोकीसहित तीन जनाविरुद्ध भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गरेको छ । बुढाथोकीसँगै उक्त कार्यालयका तत्कालीन सबइञ्जिनियर ललनकुमार मण्डल र खप्तड क्षेत्र पर्यटन विकास समितिका तत्कालीन सबइञ्जिनियर दीपेश महताराविरुद्ध सोमबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको हो ।

उनीहरूमाथि बाजुराको काँडा गाउँ विकास समितिमा पर्यटन विकास प्रवर्द्धनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट विनियोजित रकम हिनामिना गरेको उजुरी आयोगमा परेपछि अनुसन्धान गरिएको थियो । आयोगले गरेको अनुसन्धानबाट सो पुष्टि भएपछि मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

उनीहरूले बाजुरा जिल्लाको खप्तड लसके खानेपानी योजना निर्माण कार्यको फिल्डमा भएको खुद कामभन्दा बढी परिमाण देखाइ झूटो नापी किताब, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको तथा निर्धारित सर्त तथा मापदण्डविपरीत भएको निर्माणलाई सर्त तथा मापदण्डबमोजिम भएको हो भनी सिफारिस गरेको अख्तियारले उल्लेख गरेको छ । उक्त झूटो नापी किताब, ठेक्का बिल तथा कार्यसम्पन्न प्रतिवेदनलगायतका कागजातहरू स्वीकृत गरी एक लाख ५६ हजार ५५३ रूपैयाँ बढी भुक्तानी दिएको पुष्टि भएको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले बताए ।

'निजहरू दीपकबहादुर बुढाथोकी, ललनकुमार मण्डल र दीपेश महताराको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र खण्ड (ङ) को कसुर देखिंदा निजहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो एक लाख ५६ हजार ५५३ रूपैयाँ बिगो कायम गरी कैद र बिगो बमोजिम जरिवाना र बिगो असुलउपर गर्न मागदाबी लिइएको छ,' आयोगले दर्ता गरेको आरोपपत्रमा उल्लेख छ ।

# पर्वत अस्पतालमा शल्यक्रिया सेवा पुनः सञ्चालन

**पर्वत–** पर्वत अस्पतालमा केही समयदेखि अवरुद्ध बनेको शल्यक्रिया सेवा पुनः सञ्चालन गरिएको छ । वैकल्पिक जनशक्ति नहुँदा झण्डै एक महिनादेखि शल्यक्रिया सेवा रोकिएकामा शुक्रबारदेखि पुनः सेवा सुरु गरिएको हो । अस्पतालमा कार्यरत एमडिजिपी हेमन्त बाँस्तोला तालिममा रहेका कारण उक्त सेवा रोकिएको थियो ।

शुक्रबार सेवा प्रदान गरेसँगै अस्पतालले चालु आर्थिक वर्षको साउनदेखि हालसम्म ६५ गर्भवतीको शल्यक्रिया गरी बच्चा निकालेको अस्पताल प्रमुख रुक्मणी अधिकारीले जानकारी दिए । अस्पतालमा कार्यरत एमडिजिपी हेमन्त बाँस्तोला र दुई सुरक्षित गर्भपतनसम्बन्धी नर्स तालिममा खटिएका कारण शल्यक्रिया सेवा बन्द भएकामा चिकित्सकको उपस्थितिसँगै फागुन ५ गते साँझ विहादी गाउँपालिका-४ निवासी बबिता भट्टराईको शल्यक्रिया गरिएको थियो ।

यसअघि विशेषज्ञको अभावमा सामान्य प्रसूति सेवाले निरन्तरता पाए पनि शल्यक्रिया गर्नुपर्ने जटिल प्रकारका गर्भवतीलाई पोखरालगायत ठूला अस्पतालमा पठाउने गरिएको थियो । अस्पतालमा अहिले डा.. हेमन्त बाँस्तोला र डा. मनिष सिंहको प्रत्यक्ष निगरानीमा जटिल प्रकृतिका गर्भवतीको शल्यक्रियामार्फत बच्चा जन्माउने कार्य भइरहेको छ ।

साथै। हर्निया, हाइड्रोसिल, एपेन्डिक्सलगायत बिरामीले पनि शल्यक्रिया सेवा पाएका छन् । जिल्लाको एकमात्र सुविधासम्पन्न अस्पतालमा वैकल्पिक जनशक्ति नहुँदा बेलाबेलामा सेवा अवरुद्ध हुने गरेको छ । जिल्लाका सातवटै पालिकाका साथै छिमेकी बागलुङको दक्षिण क्षेत्र र पर्वतसँग सिमाना जोडिएका कास्की र स्याङ्जाका नागरिकले समेत यो अस्पतालबाट सेवा लिँदै आएका छन् । *रासस*

## ओलीको अफर...

पृष्ठ १ बाट जारी

भएका छन् । तर, एमालेसँग पार्टी एकता गर्ने निश्चित नभएको एकीकृत समाजवादीका एक नेता बताउँछन् । यी दुई नेताबीच लामो समयदेखि बोलचाल थिएन । उनीहरू एकअर्काको उछितो काड्थे । यद्यपि, राष्ट्रपति निर्वाचनले भने उनीहरूलाई संवाद गर्ने तहमा पुर्‍यायो ।

सोमबार ओली-नेपालबीच राष्ट्रपतिबारे छलफल हुँदा प्रधानमन्त्री पुष्पकमल दाहालको दल माओवादी केन्द्रको पदाधिकारी बैठक पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बस्यो । बैठकले राष्ट्रपतिबारे निर्णय गर्ने अधिकार दाहाललाई नै दिएको छ । दाहाल र उनको दल राष्ट्रपतिमा राष्ट्रिय सहमति हुनुपर्ने 'बटमलाइन' छ ।

घुमाउरो शैलीमा एमालेबाट राष्ट्रपति नस्वीकार्ने र कांग्रेसबाट बनाउनुपर्ने भन्ने अर्थमा रष्ट्रिय सहमतिको रटान माओवादीले लगाएको एमालेको आरोप छ । एमालेले १० पुसमा राष्ट्रपति एमालेले लिने भन्ने सहमति भएको र उक्त सहमतिको पालना गर्नुपर्ने भन्दै दाहालमाथि दबाब दिँदै आएको छ । तर, दाहाल बटमलाइनबाट टसमस भएका छैनन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनी खारेजीको हकदावी सूचना

यस कार्यालयमा मिति २०५९/०२/१४ मा दर्ता भएको प्रा.लि.नं. १८७५७ को **कम्युनिटी एक्सन ट्रेक्स प्रा.लि.**नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOMES RESTAURANTS COMPANY WITH SERVICE
पूर्व स्वीकृति मिति २०७९/१०/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ | LT. No. 280560 | चलानी नं. ६०१८६२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 20 | 10 | 120 | ५१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RESTAURANT CASH AL-ARZ FOR MEALS
पुर्व स्वीकृति मिति २०७९/११/०८ | LT No : 281444 | चलानी नं. ६०१९६८६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen helper | 1 | 0 | 1400 | ४९,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL GHALIA WLL
पुर्व स्वीकृति मिति २०७९/११/०८ | LT No : 281344 | चलानी नं. ६०१९६८६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis | 5 | 5 | 150 | ६४,५५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 5 | 5 | 150 | ६४,५५० | | | | | | | |

कम्पनी : EIGHTY BEAUTY SALOON COMPANY FOR LADIES
पूर्व विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ | LT. No. 281464 | चलानी नं. ६०१८६२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE / PEDICURE | 0 | 15 | 140 | ६०२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : vision protection communication co. ltd
पूर्व स्वीकृति मिति २०७९/०८/२५ | पून स्वीकृति मिति २०७९/११/०८ | LT. No. 277137 | चलानी नं. ६०१८८३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1400 | ४९१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADVANCED TECHNOLOGY COMPANY KSC
पूर्व स्वीकृति मिति २०७८/०७/११ | पून स्वीकृति मिति २०७९/११/०८ | LT. No. 249487 | चलानी नं. ६०१८८३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dental Nurses | 0 | 42 | 280 | १२०४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | DENTAL TECHNICIAN | 0 | 20 | 280 | १२०४९० | | | | | | | |
| 3 | DENTAL X RAY | 0 | 7 | 280 | १२०४९० | | | | | | | |
| 4 | HYGIENIST | 0 | 62 | 300 | १२९०९६ | | | | | | | |
| 5 | Nurse | 208 | 0 | 390 | १७६८२४ | | | | | | | |

कम्पनी : BLANCHE BEAUTY SALON COMPANY FOR LADDIES
पूर्व स्वीकृति मिति : २०७९/०९/०1 | पून स्वीकृति मिति २०७९/११/०८ | LT. No. 277883 | चलानी नं.६०१९३४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure | 0 | 2 | 140 | ६०,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL — Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HONG NAM INDUSTRY (M) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०३/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ | LT. No. 267165 | चलानी नं. ६०१८३०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 70 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : DAMA DINGJI YANWO SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ | LT. No. 271425 | चलानी नं. ६०१८७७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 75 | 75 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४
**Swift H.R. Solution Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIADA COMPANY FOR CLEANING AND MAINTENANCE COMPANY ONE PERSON
पूर्व स्वीकृति मिति २०७९/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ | LT. No. 280733 | चलानी नं. ६०१९६१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 75 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HOTEL SAMHAN JABER ABDULLAH AL-SHAHRI HOTELS
पूर्व स्वीकृति मिति २०७९/१०/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ | LT. No. 280739 | चलानी नं. ६०१९६२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1200 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET — श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEMON BUILDING CLEANING & GENERAL MAINTENANCE - BRANCH 1
पुर्व स्वीकृति मिति २०७९/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०८ | LT. No. 272653 | चलानी नं. ६०१८८३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 30 | 900 | ३२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**
श्रम ईजाजत नं. ५०३/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AHLIA ARAB BUILDING AND ROAD CLEANING CONTRACTING CO.
पुर्व स्वीकृति मिति २०७८/११/30 | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०८ | LT. No. 259540 | चलानी नं. ६०१७५९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 10 | 120 | ५१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal, Mobile :9801101712, 9801101715
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: MATAJER AL SEIF DEVELOPMENT AND INVESTMENT COMPANY
पूर्व स्वीकृति मिति २०७९/११/०८ | LT. No.281357 | चलानी नं. ६०१९६८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Labor | 25 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १६ गते (28th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४
**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

कम्पनी : INSIGHT ALLIANCE SECURITY SERVICES SDN BHD
Pre Approval Date : 2022/02/20 | LT. No.281352 | Invoice No.60196910
पूर्व स्वीकृति मिति : २०७९/११/०८ | एल टि न. २८१३५२ | चलानी नं.६०१९६९१०

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिगिंट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | 88,880 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छ Yes | | दुई वर्ष 2 Years |

**नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कँसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रु.१५०० /- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
MOBHIRA H.R. SERVICE PVT. LTD. does not have any mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 28th February, 2023 in Office premises.**
**अन्तर्वाता मिति २०७९ फागुन १६ गते कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

श्रम ईजाजत नं. १००१/०६८/६९
**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4488855/4488856

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ऊर्जा व्यापारमा भारतसँगको सहमति स्वागतयोग्य

**नेपाल–भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको १०औं बैठक नेपालका लागि उपलब्धिमूलक भएको छ। बैठकले दुई मुलुकबीचको विद्युत् प्रसारणलाइन विस्तार र व्यापार प्रवर्द्धनमा महत्त्वपूर्ण निर्णय गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे र भारत सरकारको विद्युत् मन्त्रालयका सचिव आलोक कुमारको सहअध्यक्षतामा शनिबार भारतको राजस्थानस्थित माउन्ट आबुमा सम्पन्न बैठकले अन्तरदेशीय विद्युत् व्यापारका लागि उच्च क्षमताका प्रसारणलाइन निर्माणलाई अगाडि बढाउने निर्णय गरेको छ। यो निर्णय स्वागतयोग्य छ।**

**नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार विद्युत् उत्पादन, प्रसारण र व्यापारका लागि संयुक्त निर्देशक समितिको बैठक कोशेढुंगा भएको छ। बैठकमा सहभागी कार्यकारी निर्देशक घिसिङले नेपालले भारतको प्रसारण ग्रिडको प्रयोग गरी बंगलादेश विद्युत् निर्यातका लागि राखेको प्रस्तावलाई भारतले सकारात्मक रूपमा लिँदै निर्यात गरिने जलविद्युत् आयोजनाको नाम पठाएपछि आवश्यक सहमति दिने निर्णय भएको उल्लेख गरे। बंगलादेशमा विद्युत् निर्यात गर्ने तयारी गरिरहेको नेपालका लागि भारतको यो सहमति अत्यन्त महत्त्वपूर्ण उपलब्धि हो। किनभने बंगलादेश बिजुली निर्यातका लागि भारतको बाटो भएर लैजानुको विकल्प छैन। बंगलादेश नेपालबाट बिजुली खरिदका लागि तयार भए पनि भारतको अनुमति/सहमति आवश्यक थियो। नेपाल–बंगलादेश दुवै त्यो पर्खाइमा थियो। ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको बैठकमा भएको सहमति कार्यान्यवनमा आए साँच्चै कोशेढुंगा बन्ने निश्चित छ।**

**कार्यकारी निर्देशक घिसिङका अनुसार बंगलादेश विद्युत् निर्यात गर्ने आयोजनाको प्रस्ताव स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरणसमक्ष बढाउने र प्राधिकरणले आवश्यक परीक्षण गरी भारत सरकारले जारी गरेको विद्युत् आयात/निर्यात (क्रस बोर्डर) निर्देशिकाको परिधिभित्र रहेर सहमति दिने निर्णय भएको छ। नेपाल–भारत अन्तरसरकारी सम्झौता आधारमा नेपालबाट दीर्घकालीनरूपमा विद्युत् निर्यातका लागि प्रस्ताव गरिएकोमा भारतीय पक्षले यसलाई सकारात्मक रूपमा लिँदै नेपालबाट प्रस्ताव प्राप्त गरेपछि जाँच गरी आवश्यक निर्णय लिइने जानकारी गराएको छ। बैठकले टनकपुरबाट नेपालले विद्युत् आयात मात्र गर्दै आएकोमा अब निर्यात पनि गर्न पाउने निर्णय गरेको छ। बैठकले टनकपुर–महेन्द्रनगर १३२ केभी सिंगल सर्किट प्रसारणलाइनबाट अप्रिलदेखि जुनसम्म ७० मेगावाट र जुलाइबाट मार्चसम्म ८० मेगावाट विद्युत् दुवैतर्फ प्रवाह गर्न सहमति दिएको छ।**

**नेपालले एक ३२ केभी तथा त्यसभन्दा कम क्षमताका प्रसारण लाइनमार्फत भारतीय बजारमा विद्युत् निर्यातका लागि राखेको प्रस्तावमा भारतले प्रस्ताव अन्तरराज्य प्रणाली कारोबारको भएको र प्रसारण शुल्क, चुहावट आदि विषय रहेकोले केन्द्रीय विद्युत् प्राधिकरणले भारतका निकायसँगको समन्यमा टुंगो लगाउने निर्णय भएको छ। बैठकबाट भएका यी निर्णयहरू सकारात्मक छन्। तर, यी निर्णयको कार्यान्वयन के–कसरी हुन्छ त्यो मुख्य चासोको विषय बनेको छ। कार्यान्वयनमा नआए सहमतिको कुनै अर्थ रहँदैन। त्यसैले नेपालले अब यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ। यो सहमति कार्यान्वयनमा आए बिजुली बेचेर समृद्ध बन्ने सपना सार्थक बन्नेछ।**

## मनन्योग्य

### चाणक्य नीति

यो विशान राज्य जरो अब यति बलियो भइसक्यो, शताब्दीसम्म कसैले यसपछि आँखा उठाएर हेर्न सक्तैन। यो साम्राज्य मजबूत हो यो पनि जान्छु मेरो ठाउँमा अत्यन्त गुणी चरित्रवान देशभक्त राक्षस महामात्य पदमा बस्छन्, यो चाणक्यको अन्तिम इच्छा हो। राक्षस महामात्य पदमा बस्नेछन् भनी चाणक्यले आत्मविश्वाससँग भने।

'तर के राक्षसले यो प्रस्ताव स्वीकार्लान्। किन कि, बारम्बार असफलतापछि पनि आफ्नो पराजयको चोट उनका हृदयमा बसिरहेको छ' चन्द्रगुप्तले पीडित हुँदै भने।

"होइन बाबू ! सामूहिक जयले व्यक्तिगत पराजय हुदैन, तर व्यक्तिगत पराजयले ठूलोभन्दा ठूलो विजयमा पनि घोचिरहन्छ। राक्षसलाई आफ्नो बनाउन मैले जीवनको सबभन्दा ठूला साधना अहिले नै पूर्ण गर्नुपर्छ।' म राक्षसको खोजी गर्न जान्छु भन्दै राजभवनबाट निस्के र राक्षसलाई खोजी छाडे। एउटा शीघ्र गति गएको बग्गी चढेर बाटो हिँड्ने रथबाट चाणक्य राक्षसलाई भेट्न जंगलतिर हिँडे।

राक्षस झ्याम्म परेको एउटा स्मृति ढुंगामा आसन जमाई ध्यानमग्न थिए। घोडाको टापको आवाज सुनी ध्यान भंग भयो। झस्केर अगाडि हेरे। देखे एउटा रथ तीब्रगतिले उनीतिर आउदैछ।

नजिकै आएपछि त्यस रथमा चाणक्यलाई देखी आश्चर्यमा परे। चाणक्यले हात जोड्दै नीति शिरोमणि ! परमगुणी महामात्य राक्षसलाई प्रणाम। 'चाणक्य तपाईलाई फेरि पाटलीपुत्र लैजान आएको छु। किन कि हीराको शाभा उचित ठाउँमा नै हुन्छ।' राक्षस केही क्षोभले बाले–'अब यस्ता वचन भी मलाई किन लज्जित गर्छौ ? मेरा साथमा अब के नै छर ?' क्रमशः

# लोकतान्त्रिक चरित्र र समृद्धिको सपना

कृष्ण अधिकारी

जनताको आन्दोलनले निरंकुश राणा शासनलाई घुँडा टेकाएको सात दशक पूरा भएको छ। १०४ वर्षसम्म राणाहरूको स्वेच्छाकारी शासनले जनताको हकहितलाई कुण्ठित पारेको थियो।

मानवअधिकारको उपयोग गर्न पाएका थिएनन्। राणाहरूको निरंकुश शासनबाट दबिएका जनता विस्तारै संगठित भई प्रजातन्त्रको स्थापनाका लागि आन्दोलन गरेका थिए। देशमा विद्यमान एकतन्त्रीय राणा शासनविरूद्ध सुरू भएको जनताको क्रान्तिले २००७ फागुन ७ गते सफलता पाएसँगै राणा शासनको अन्त्य गरी प्रजातन्त्रको घाम उदाएको थियो। कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको यो दिन नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि एक जुगमा आएको एउटा दिन थियो। नेपाली कांग्रेसको नेतृत्वमा भएको यस क्रान्तिमा नेपाल प्रजा परिषद्, कम्युनिस्टलगायतका पार्टीहरूले भाग लिएका थिए। यस विद्रोह नै नेपालको इतिहासमा संगठित विद्रोह थियो। यसैको जगमा पछि पनि पटकपटक विभिन्न नाममा भएका विद्रोहले क्रान्तिको रूप लिँदै परिवर्तन भएका थिए।

लोकतान्त्रिक पद्धति र विधिबाट जनआकांक्षा पूरा गर्ने दिशामा राजनीतिक अग्रसर नभएमा नागरिक भड्काउने र भड्किन सक्ने मैदान उपलब्ध हुन्छ। समावेशी, पारदर्शी, लोकतान्त्रिक र न्यायपूर्ण समाज विकासमा देखिएका सबै विकार अन्त्य गर्दै राजनीतिक दलले आफ्नो व्यवहार र कार्यशैलीमा परिवर्तन ल्याउन अब ढिलाइ गर्नु हुँदैन। लोकतन्त्रका निम्ति मूलधारका राजनीतिक दल तथा नेताले त्यस्ता किसिमका खतरा आउन नदिन बेलैमा सोच्नुपर्छ। सत्ता दुरुपयोग, दलीय झगडा र भ्रष्टाचार बढ्न गएमा तिनै अवाञ्छित प्रतिगामी शक्तिले खेल्ने मौका पाउँछन्।

जनताको शक्तिका अगाडि जस्तोसुकै निरंकुश शासकहरूले पनि घुँडा टेक्नै पर्छ। विश्वको इतिहासले पनि यही देखाएको छ। रुसमा जारको निरंकुश शासन, फ्रान्समा लुई सोहौंको निरंकुश शासन, बेलायतको गौरवमय क्रान्ति यसका केही उदाहरण हुन्। भारत पनि १९४७ मा बेलायती उपनिवेशबाट स्वतन्त्र भयो। यसको प्रभाव नेपालमा पर्नु स्वाभाविक थियो। यसले गर्दा नेपालमा निरंकुश राणा शासनको विरुद्धमा जनताहरू संगठित हुन थाले। भारतीय नेताहरूले पनि प्रजातन्त्रका लागि नेपालमा संघर्ष गर्ने जनतालाई नैतिक समर्थन दिएका थिए। राणाहरूले पहिले ब्रिटिसबाट पाइरहेको सहयोग पाएनन्। अन्त्यमा राणाशासन ढल्यो र नेपालमा प्रजातन्त्रको स्थापना भयो।

वि.सं. २००७ मा प्राप्त प्रजातन्त्रले २०१५ सालमा संविधान र आमनिर्वाचनबाट राम्रोसँग जरा गाड्न नपाउँदै २०१७ सालमा उखेल्ने काम भयो। त्यसले मुलुकलाई ३० वर्षसम्म फेरि अध्यारोतिर धकेल्यो। जनतामा जीवित प्रजातन्त्रप्रतिको आस्था र भरोसाकै कारण पुनः २०४६ सालमा आन्दोलन भई खोसिएको प्रजातन्त्र प्राप्ति हुनसक्यो। वि.सं. २०६२/६३ सालको जनआन्दोलनपछि सामन्ती राजतन्त्रको अन्य भएर गणतान्त्रिक व्यवस्थाको सुरुआत भएको छ। २००७ सालकै क्रान्तिमा रोपिएको संविधानसभाबाट संविधान निर्माण गर्ने विज ढिलै भए पनि संविधानसभाबाट नयाँ संविधान जारी भएको छ। मुलुक संघीय लोकतान्त्रिक गणतान्त्रिक पद्धतिमा अघि बढ्दै गर्दा यस दिनलाई राष्ट्रिय उत्सवका रूपमा स्मरण गर्नैपर्छ।

नेपालमा लोकतन्त्रको स्थापना भएपछि जनताको आर्थिक जीवनस्तरमा जसरी परिवर्तन हुनुपर्ने हो त्यसो हुन नसके पनि केही सकारात्मक प्रभावहरू भने पक्कै परेको छ। मुख्य कुरा जनताले मौलिक हकको उपयोग निर्वाधरूपमा उपयोग गर्न पाएका छन्। जनताले चित्त नबुझेका कुराहरूमा आफ्नो आवाज पनि उठाउन सक्दछन्। विकासका लागि नयाँ सोच र अवधारणा आउनुका साथै सुशासन र जनउत्तरदायित्वको बहसले पनि ठाउँ पाएको छ। विकासमा जनताको सहभागिता र समान सहभागिता सुनिश्चित गर्नुपर्ने मान्यताले स्थापित भएको छ। सामाजिक समावेशिता र लैंगिक विभेदको अवस्थामा धेरै सुधार भएको छ।

निश्चय पनि नेपाली जनताले लामो पर्खाइपछि पाएको २०७२ को संविधान ठूलो उपलब्धि थियो। यसले लोकतन्त्र र सामाजिक न्याय बलियो पार्ने र यसका बलमा देशको समुचित र दिगो विकास गर्ने अवसर नेपाललाई दिएको छ। लोकतन्त्रपछि जनप्रतिनिधिबाटै निर्मित संविधान हेर्ने नागरिकको चाहना पूरा भएको छ। अब हामीसँग संविधानसभाद्वारा निर्मित संविधान छ। गणतन्त्र संस्थागत हुँदै गएको छ। संघीयतासहितको तीन तहको सरकारको अभ्यास दुई वटा आवधिक निर्वाचनबाट भइरहेको छ। मुलुकभर निर्वाचित जनप्रतिनिधिद्वारा शासन सञ्चालनमा छन्। यो हिसाबले संवैधानिक र कानुनी हिसाबले मुलुक संक्रमणकाल मुक्त भएको छ।

तथापि, लोकतन्त्रको स्थापनापछि जनतामा जुन आशा र विश्वासको सञ्चार गराएको थियो, त्यसमा धमिरा लाग्दै जान थालेको हो कि भन्ने प्रश्न धेरैले गर्न थालेका छन्। अहिले पनि लोकतन्त्रले आमजनताको विश्वास जित्न सकेको छैन। यसको मुख्य कारण हिजो लोकतन्त्रकै लागि लामो संघर्ष गरेका राजनीतिक पार्टीहरूले जनताका सामु कबुल गरेका कुराहरूको इमान्दारीपूर्वक पालना गर्नुको साटो राजा महाराजाहरूकै शैली र व्यवहारलाई पछ्याउनु हो। लोकतान्त्रिक पद्धतिमा लोकतन्त्रकै घाँटी निमोठ्ने सम्भावना रहिरहने हुँदा लोकतन्त्रले आफ्नो रक्षा आफैं गर्नुपर्ने हुन्छ। यो हाम्रै विगतको अनुभवबाट पनि प्रस्ट हुन्छ।

संविधानको रक्षा गर्ने कसम खाएर सत्तामा पुगेका राजनेताहरूको व्यवहार नै कतै संविधानलाई असफल तुल्याउन उद्धत त छैन भन्ने प्रश्न उठ्न थालेको छ। राजनीतिक पार्टीहरूबीच विश्वास र हार्दिकतामा ह्रास आउँदा लोकतन्त्रविरोधी शक्तिहरूलाई चलमलाउने राम्रो अवसर मिल्छ। विषाक्त सोच र व्यवहारले समग्र लोकतन्त्र धरापमा पर्न जान्छ। नागरिकको हैसियत रैतीभन्दा उन्नत हुन सकेन भने जनतामा पुनः विद्रोहको भाव जागृत हुन सक्छ। राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र बलियो भयो भनेमात्रै जनता र नेताबीच असल सम्बन्ध कायम हुन्छ। शक्ति र प्रभावको स्रोत आमनागरिक हुन् भन्ने यथार्थलाई राजनेताहरूले कहिल्यै बिर्सन हुँदैन।

लोकतन्त्रका लागि राजनीतिक दलहरूसँगै नागरिक पनि उत्तिकै बलियो हुनुपर्छ। अन्यथा दलहरू बलियो बने भने नागरिकका अधिकार संकुचित हुन्छन् र अधिनायकवाद झाँगिने खतरा रहन्छ भनिन्छ। नागरिकको सुशासनसहितको समृद्धिको आम आकांक्षा पूरा गर्नुपर्ने दायित्व सरकारको हो। सत्तालाई नै मुख्य लक्ष्य राख्न खोज्दा नागरिकप्रतिको उत्तरदायित्व ओझेलमा पर्न जान्छ। यस्तै अवस्थाबाट मुलुक गुज्रिँदै जान दिनु हुँदैन। नागरिकका जायज माग, आलोचना र सुझावलाई सहज ढंगले लिनुपर्छ, प्रतिक्रियात्मक प्रवृत्ति बन्द गर्नुपर्छ। जब शासकीय वृत्तका पात्र नागरिक भावना बुझ्न असमर्थ हुन्छन्, तब उनीहरू भड्किँदै जान्छन्।

वि.सं. २००७ मा पाएको प्रजातन्त्र २०१७ मा गुम्यो। २०४६ मा पुनः प्राप्त भएको प्रजातन्त्र २०६१ मा फेरि खोसियो र ०६२/६३ को जनआन्दोलनको बलले फेरि मुलुकमा लोकतन्त्र आएको छ। यसलाई बलियो बनाउने मुख्य जिम्मेवारी राजनीतिक दलहरूकै हो। आन्दोलन गर्ने, उपलब्धि हासिल गर्ने, उपलब्धि गुम्ने, पुनःसंघर्ष गर्ने र फेरि उपलब्धि हासिल गर्ने गोलचक्करमै नेपालको लोकतान्त्रिक आन्दोलन फस्दै आएका कारण यसको संस्थागत विकास हुन अझै सकेको छैन। त्यसैले लोकतान्त्रिक यात्रा आरम्भ गरेको झण्डै साढे सात दशक पुग्दै गर्दा आज फेरि त्यसको संस्थागत विकासको आवश्यकता खट्किएको स्वयं नेताहरूका अभिव्यक्तिबाट पुष्टि हुन्छ। अब राजनीतिक आन्दोलन नभएर गरिबीको अवस्था अन्त्यका लागि सबै राजनीतिक शक्तिहरू एकमत हुन आवश्यक छ।

जनताले अपेक्षा गरेको अर्को मुख्य कुरा सुशासन हो। सुशासन र पारदर्शिता राज्यको आधारभूत जिम्मेवारी तर यसको कार्यान्वयन सुनिश्चित हुन नसक्दा जनतामा थप नैराश्यता ल्याएको छ। तीन तहको सरकारको परिकल्पना गरी जनतालाई सुशासनको अनुभूति दिने संविधानको मर्म भए पनि जनताले त्यसको अनुभूति र गर्न पाएका छैनन्। सरकारका काम कारबाहीमा पारदर्शिता नभएसम्म सुशासन केबल नारामै सीमित रहन्छ। जनताले अनेक यातना, कष्ट सहँदै ज्यानको बाजी लगाएर लोकतान्त्रिक प्रणालीलाई संस्थागत बनाउने जिम्मा राजनीतिक पार्टीहरूलाई दिएका छन्। जनताको एउटै मात्र चाहना हो अभाव, महँगी र उत्पीडनबाट मुक्त भई नागरिकको हैसियतमा बाँच्न पाइयोस्। मुलुक छाडेर विदेशिन बाध्य युवा शक्तिलाई देशमै सम्भावना देखाउन सकिएमा मुलुकको समृद्धि टाढा पनि छैन।

लोकतान्त्रिक पद्धति र विधिबाट जनआकांक्षा पूरा गर्ने दिशामा राजनीतिक अग्रसर नभएमा नागरिक भड्काउने र भड्किन सक्ने मैदान उपलब्ध हुन्छ। समावेशी, पारदर्शी, लोकतान्त्रिक र न्यायपूर्ण समाज विकासमा देखिएका सबै विकार अन्त्य गर्दै राजनीतिक दलले आफ्नो व्यवहार र कार्यशैलीमा परिवर्तन ल्याउन अब ढिलाइ गर्नु हुँदैन। लोकतन्त्रका निम्ति मूलधारका राजनीतिक दल तथा नेताले त्यस्ता किसिमका खतरा आउन नदिन बेलैमा सोच्नुपर्छ। सत्ता दुरूपयोग, दलीय झगडा र भ्रष्टाचार बढ्न गएमा तिनै अवाञ्छित प्रतिगामी शक्तिले खेल्ने मौका पाउँछन्।

संघीयता कार्यान्वयन र जनताको हितमा राज्य संयन्त्रको परिचालन व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संवैधानिक अंग र सम्पूर्ण सरकारी तथा सार्वजनिक संयन्त्र नेपाल र नेपालीको हितका लागि काम गर्ने राष्ट्रिय मूल प्रवाहमा आबद्ध एकअर्काका प्रवर्द्धक हुन् भन्ने आधारभूत शासकीय मान्यताका आधारमा वर्तमान सरकार सञ्चालन भइरहेको छ। त्यसका लागि संघीयता कार्यान्वयन, प्रदेश तथा स्थानीय तहको सबलीकरण र समानुपातिक र समावेशी प्रणालीको संवैधानिक व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार कानुन निर्माण र परिमार्जन गर्नेतर्फ वर्तमान सरकार अगाडि बढेको देखिन्छ। सरकार, राजनीतिक दलमा देखिने लोकतान्त्रिक चरित्र र व्यवहारमा नै जनताले उज्यालो भविष्य देख्न सक्छन् र मुलुकले समृद्धिको बाटो पहिल्याउन सक्छ। *रासस*






वैकुण्ठ भण्डारी

# मट्याङ्ग्रा मट्याङ्ग्रीले कसरी खोज्लान् पाँच वर्षे मुली

परऽजाऽतन्त्रले ल्याएको आधुनिक दासत्वमा रमाएका मटयाङ्ग्रा मटयाङ्ग्रीहरू आफूआफूमै तँछाड–मछाड गर्दै आइरहेका छन्। 'अरुले मात्र कति लडाइँ झगडा गर्नु' हामी पनि को भन्दा को कम भन्दै मुली बन्न तिथि नै पो तोकेका छन् त !

तिथि नै तोकिसकेपछि घुरमुली त जसरी बन्नै पऱ्यो। तँ बन्ने कि म बन्ने, तेरो शक्ति ठूलो कि मेरो भक्ति ठूलो भन्दै मटयाङ्ग्रा मटयाङ्ग्री हानथाप गरिरहेका छन्। कलहको बीउ रोप्न खोजेपछि बारी डयाङको उचाइ त बढ्ने नै भयो। बारीको डयाङ बढ्न लागेपछि पारिघरे बलेदाइ यसो बुझ्न जुँगा मुसार्दै खुसुक्क मटयाङ्ग्रा लामपाटा छेउ पुगेर कान थाप्छन्।

कानले काम गरेको छ कि छैन थाहा छैन, तर उनको मनले काम गरिसक्यो। 'बले जा, अब लामपाटा डिलमा बसेर हुन्न मटयाङ्ग्रा घरभित्रै रमित हेर्नुपर्छ' बलेको मनले घचेट्छ।

बले सानले जुँगा मुसार्दै बारीको डिलबाट उक्लिन्छ र सिधै मटयाङ्ग्रा मटयाङ्ग्रीका भान्सैमा पुग्छ। सबैलाई हेर्छ। सब नक्कली खुसी देखिएका छन्। अहिले नै घरमुली बनिहालौंला जस्तै गरी बसेका छन्। कोही कम देखिएका छन्। कसैले कसैलाई टेर्ने छाँटकाँटमा छैनन्। मै ठूलो मै राजा। दम्भ छ मटयाङ्ग्रा भान्सा। जब पारिघरे बलेदाइ भान्सैमा पुग्छन् सबका सब भिजेका बिरालो जस्ता।

पारी घरे बलेदाइले मटयाङ्ग्राखलकको रमिता राम्रैसँग नियाल्छन्। बलेदाइ सबै भाइहरूसँग पालैपालो कानेखुसी गर्छन् अनि घुरमुली बन्न उत्साहित गर्दै दंग पर्दै पख्लास्, हेर्लास् भन्दै बारीको डिलबाट आफ्नै कुटीतिर लाग्छन्। मटयाङ्ग्रा सन्तान पाँचभाइमध्येका सबै बलेदाइको कुरामा दंग पर्दछन्। बलेलाई राम्रै मुहारले पठाउँछन्। अनि आफ्नो अडानलाई कायम नै राख्छन्। अब यो घरको मुली मै हो। जेठा, माइलो, साइँलो, काइँलो सबका सब घरमुली बन्ने। छोराछोरीको कसैलाई मतलब नै छैन। खाए खाएनन्। सञ्चो बिसन्चो केही पर्वाह नै छैन। जसरी हुन्छ आफैं अघाउने मात्र चिन्ता।

घरमा भाँडभैलो हुने देखेपछि छोराछोरी निकै चिन्तामा छन्। मटयाङ्ग्राहरू भने उही मुण्डमुण्ड बुद्धि कुण्डकुण्ड पानी भनेजस्तै भएका छन्। कसैले कसैलाई नटेर्ने नै भइसकेका छन्। हुन त घरमुली बन्न पनि गाह्रो पो छ। फागुन २५ गते श्राद्ध गर्ने तिथि जुरेको रे, थपलिया बाजेले भनेको। ती बाजे पनि काइदाकै छन्। आफूले भनेजस्तो भए ठीक आफूले भनेजस्तो भएन भने यिनले त जे पनि गर्दिन्छन्। हुन त भन्न नहुने हो तै पनि 'कुमाइको घुमाइ' भन्छन्।

त्यसैले श्राद्धेको तिथि नै सार्दिन पनि बेर छैन के–के मिलेन भनेर, यस्ता पो छन् त। पारिघरे दाइसँग पनि यिनका हिमचिम पाँच वर्ष अघिदेखि नै थियो। अझ डाँडा पारिका राताघरे काकासँग नै खै के भन्नु जे भन्यो त्यही हुन्छ रे !

हुन त के भन्नु र ! घरभित्रको कथालाई सामाजिक सञ्जालमा नै सार्वजनिक नगर्दिएको भए त हुन्थ्यो तर के गर्नु जवाना नै त्यसकै छ। उता कसको के चक्कर, यता कसको के चक्करजस्तै हुने। छोराछोरी भूकम्प आको जस्तो घुम्याघुम्यै छन्। विचराहरू न चामल पाका छन् न गहुँको पिठो नै खाना पाका छन्, भोकभोकै पर्ने बेला हुन लागिसक्यो।

भएको खेतबारी पनि मटयाङ्ग्राहरूले बाँझै छाडिहाले। उम्रेपो खानु ? उमार्ने ठाउँ नै नभए पनि छानामाथि बसेर कराएर मात्र हुँदो रैनछ। श्राद्धेको तिथिका लागि चाहेको सार्जम नै जोड्न पाको छैन। कसले श्राद्ध गर्ने भन्नेमै उकुसमुकुस गर्छन्। दाजुभाइले सल्लाह गरे हुने ठाउँमा डाँडापारिका राताघरेलाई चासो, पारिघरे बलेदाइलाई झन् बढी चासो। यस्तै हो भने मटयाङ्ग्रा बाउको श्राद्ध नै त्यही पारिघरे बलेलाई हान्देलान जस्तो पो छ त ?

डाँडापारिका राता घरे त पहिले पहिले त्यत्ति चासो दिँदैनथे अहिले त कुन्नि के भाको हो खुब चासो राख्न थाल्या छन्। त्यस्तै परे उनैले घरमुली छान्दिन पनि बेर छैन। तिमीहरू चुप लागेर बस मिलीमिली घर चलाओ भनेर।

१२ वर्षा खोले फर्कन्छ भन्थे। १२ वर्षपछि राता घरे काकासमेत मटयाङ्ग्राका घराँ छिर्न थाल्या छन्। अब त पारिघरे बलेदाइका दिन पनि गएजस्तो छ। एकलौटी गर्ने उनको तुजुक देखाउन तम्सिएका छन् डाँडापारीका राताघरे काका।

काका पनि कम बाठा छन्। मटयाङ्ग्रा दाजुभाइ सबैलाई उहाँ घ्याम्पे डाँडामा लगेर पिकनिक खुवाएका छन्। पिकनिक मात्र खुवाएको भए त हुन्थ्यो नि। पारी घरे बले दाइले भन्दा बढी माया गर्दा रैछन्। कहिले के कहिले के उपहार त दिएको छ दिएको छ। त्यही उपहार दिएका र लिएका भएर त मटयाङ्ग्रा भान्सैमा पुगेर राताघरे काका पनि पारीघरे बलेदाइ पनि जे पनि गर्न सक्ने भएका छन् त ?

कसैको उपहार सुपहार नलिएको भए, पिकनिकमा गएर डिस्को डान्स नगरेको भए। यसरी देखादेखा निम्तो नै नगरी अर्का भान्सैमा पस्न सक्ने र ? मटयाङ्ग्रा डाम्नाहरू आफ्ना बाउको श्राद्ध गर्न त आफैंले सक्नु नि। पहिलेपहिले जस्तो घरमुली आफैं छान्ने ल्याकत त राख्नु पर्दछ।

जे होस् मटयाङ्ग्रा मटयाङ्ग्रीले पाँच वर्षे घरमुली आफैंले त छान्ने हिम्मत देखिएन तै पनि त्यही राताघरे र पारिघरेकै बलमा छाने भने 'कहाँ जालास् मछली मेरै ढडिया' भनेजस्तै हुने भो।

# लुम्बिनी प्रदेश सरकारमा थपिए मन्त्री




■ प्रभाव संवाददाता

**लुम्बिनी–** लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद् तेस्रोपटक विस्तार गरिएको छ । मुख्यमन्त्री लीला गिरीको सिफारिसमा जनता समाजवादी पार्टीका तर्फबाट भण्डारीलाल अहिर सोमबार मन्त्री नियुक्त भएपछि लुम्बिनी प्रदेश सरकार तेस्रो पटक विस्तार भएको हो । उनलाई कृषि तथा भूमि व्यवस्थापन मन्त्री नियुक्त गरिएको छ ।

उनलाई सोमबार मुख्यमन्त्रीको उपस्थितिमा प्रदेश प्रमुख शेरचनले पद तथा गोपनीयताको शपथ गराए । एक साताअघि नेकपा एमालेका तर्फबाट कृषिमन्त्री बनेका तुल्सीराम शर्मालाई मुख्यमन्त्री कार्यालय हेर्नेगरी जिम्मेवारी तोकिएको छ ।

त्यस्तै मुख्यमन्त्री गिरीले माओवादी केन्द्रबाट आन्तरिक मामिला, कानुन तथा सञ्चारमन्त्रीको जिम्मेवारी तोकेका मन्त्री कृष्ण केसीले अहिलेसम्म पदबहाली गरेका छैनन् । उनको पदबहाली नभएसम्म आन्तरिक मामिला, कानुन तथा सहकारीमन्त्रीको जिम्मेवारी खानेपानी, ग्रामीण तथा सहकारीमन्त्री चेतनारायण आचार्यलाई तोकिएको छ ।

# आठबिसकोटवासीलाई सहुलियतमा किवीका बिरुवा

■ सत्य बटाला

**रुकुम पश्चिम–** रुकुम पश्चिमको आठबिसकोट नगरपालिकाले ५० प्रतिशत सहुलियतमा कृषकलाई किवीका बिरुवा वितरण गर्ने भएको छ । यसका लागि नगरपालिकाले २० हजार गोल्डेन र हेवार्ड जातका किविका बिरुवा खरिद गरेको छ । नगरभित्रका कृषकलाई ५० प्रतिशत सहुलियतमा किविका बिरुवा वितरण गर्न उक्त बिरुवा खरिद गरिएको नगरपालिकाले जनाएको छ ।

व्यावसायिक किवी खेतीलाई प्रोत्साहन गर्नका लागि नगरभित्रका कृषकहरूलाई ५० प्रतिशत सहुलियतमा किबिका बिरुवा वितरण गरिने नगरपालिकाले जनाएको छ । उत्पादन र समृद्धिको आधार हो भन्ने नारा सहित ५० प्रतिशत नगरको लगानीमा कृषकलाई कुल २० हजार किवीका बिरुवा वितरण गर्न थालिएको नगरप्रमुख रवि केसीले जानकारी दिए ।

उनका अनुसार बिरुवामा ५० प्रतिशत लगानी भने कृषक स्वयंले गर्नुपर्ने छ । व्यावसायिक कृषि गर्न चाहने कृषकलाई मध्यनगर गर्दै र आठबिसकोटलाई किवी खेतीमा आत्मनिर्भर बनाउने उद्देश्यले नगरपालिकाले बिरुवा वितरण गर्न लागेको हो । नगरप्रमुख केसीले कृषकहरूलाई कृषि प्राविधिकको सहयोगमा मात्रै किवी लगाउन अनुरोध गरेका छन् ।

स्थानीय सरकारले किवी खेती प्रवर्द्धनमा जोड दिएपछि नगरपालिकामा यो खेतीमा लाग्ने किसानको संख्या बढेको छ । अघिल्ला वर्षहरूमा पनि नगरपालिकाले किसानलाई अनुदानमा ठूलो मात्रामा किवीको बिरुवा वितरण गरेको थियो भने किसान आफैंले किनेर पनि बिरुवा लगाएका थिए । नगरपालिकामा कृषकहरूले गत वर्ष मात्र २१ सय बटा किवीका बिरुवा रोपेका थिए । यो वर्ष नगरभर करिब एक हजार ७०० किवीका बोटले उत्पादन दिएको नगरपालिकाको अनुमान रहेको छ ।

# सुदूरपश्चिम प्रदेश सरकार ५ वर्ष टिक्ने दाबी

**अत्तरिया–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आफ्नो नेतृत्वको सरकारले विश्वासको मत पाएर पाँच वर्ष चल्ने बताएका छन् । सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सोमबार आयोजना गरिएको पत्रकार भेटघाट कार्यक्रममा उनले विभिन्न प्रकारका अफवाह फैलाउने काम भइरहेको बताए ।

'सबैसँग सहकार्य गरेर खुला छलफल भइरहेको छ । चाँडै नै हामी टुंगोमा पुग्छौं,' प्रदेश मध्यावधि निर्वाचनमा नजाने बताउँदै उनले संविधानले दिएको जिम्मेवारी पूरा हुने प्रस्ट पारे । उनले जनताको भावनाअनुसार नै आफू नेतृत्वको सरकार अगाडि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

सरकारले भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिएको उल्लेख गर्दै मुख्यमन्त्री शाहले मन्त्रिपरिषद्को पहिलो बैठकबाट भ्रष्टाचार नियन्त्रणका लागि प्रादेशिक कार्य तर्जुमा समिति गठन गरी काम अघि बढिरहेको उनको भनाइ छ । उनले प्रदेशको पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगारी सिर्जनामा सरकार केन्द्रित रहने बताए । *रासस*


## मोटरसाइकल हरायो

मिति २०७९/०५/१४ गते राति १०:०० बजेतिर पाँचखाल–९, ढुंगाखाडीबाट बाग्मती प्रदेश ०२ ०३३ प ४१२४ नं को २२० CC B/K Red रंगको पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८४१२४०४५२ मा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

सवारी धनी : रावल कुँवर
च्यासिस नं.: MD2A13EXXMCG93847
इन्जिन नं. : DKXCMG27634

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/११/०९**

यस कम्पनीको मिति २०७२/०८/०१ मा सम्पन्न वार्षिक र विशेष साधारण सभा (एकल) को निर्णयानुसार साविक कम्पनीको **इनफिनिट होमफेब इन्भेष्टमेन्ट एण्ड मर्चनडाईज प्रा.लि.** (प्रा.द.नं. २१३२६५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनी (इनफिनिट टुरिजम होमफेब इन्भेष्टमेन्ट एण्ड मर्चनडाईज प्रा.लि.) ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **इनफिनिट टुरिजम होमफेव इन्भेष्टमेन्ट एण्ड मर्चनडाईज प्रा.लि.** कायम गरिएको हुँदा सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**इनफिनिट टुरिजम होमफेव इन्भेष्टमेन्ट एण्ड मर्चनडाईज प्रा.लि.**
**ललितपुर म.न.पा.वडा नं.१५ खुमलटार, ललितपुर**

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

